# साइकल चलाउँदा यातायातका नियमहरू पालना नगरेमा जरिवाना!

ネパール語

२०२६।४।१ देखि लागु हुनेछ।

- साइकल चलाउँदा यातायातका नियमहरू पालना नगरेमा, यातायात नियम उल्लङ्घन भएको मानिन्छ।
- यातायातका नियमहरू उल्लङ्घन गरेमा जरिवाना तिर्नु पर्छ।
- लक्षित व्यक्ति (जसले जरिवाना तिर्नु पर्छ) १६ वर्ष पुगेको वा सो भन्दा माथिका व्यक्ति हुन्।



## यातायात नियम उल्लङ्घनका प्रकारहरू

※ साइकल यातायात उल्लङ्घनका प्रकारहरू कुल ११३ वटा छन्। यहाँ लेखिएका उल्लङ्घनहरू बाहेक अरु उल्लङ्घनहरू पनि छन्।
※ नियमहरू नबुझेमा नजिकैको प्रहरी चौकीमा सोध्नुहोस्।

१. 
मोबाइल फोन प्रयोग गर्दै साइकल चलाउनु भएको खण्डमा यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥१२,०००

२. 
रेल क्रसिङ्ग गर्नु अघि, एकपटक रोक्नुपर्छ र आफू सुरक्षित भए नभएको नहेरी पार गरेमा यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥६,०००

३. 
ट्राफिक बत्तीको संकेत पालना नगर्नु भएमा यो यातायात नियम उल्लङ्घन हुन्छ।हरियो बत्ती हुँदा मात्र अगाडि बढ्नु पर्छ।
जरिवाना ¥६,०००

४. 
सडकको दायाँतिर साइकल चलाउनु भएको खण्डमा, यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥६,०००

५. 

「रोक्नुहोस्」 संकेत भएको ठाउँमा, एक पटक रोकेर आफू सुरक्षित भए नभएको नहेरी अघि बढेमा यातायात नियम उल्लङ्घन हुन्छ।


जरिवाना ¥५,०००



६. 
इयरफोन लगाएर, संगीत सुन्ने वा वरिपरि को आवाज सुन्न नसक्ने अवस्थामा साइकल चलाउनु भएको खण्डमा, यो यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥५,०००

७. 
छाता ओडेर साइकल चलाउनु भएको खण्डमा, यो यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥५,०००

८. 
साइकलमा ठूलो सामान राखेर चलाउनु भएको खण्डमा, यो यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥५,०००

९. 
राति, साइकल चलाउँदा साइकलको बत्ती बाल्नु भएको छैन भने यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥५,०००

१०. 
साइकल एउटै पङ्क्तिमा चलाउनुहोस्। साइडमा सँगै चलाउँदा यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥३,०००

११. 
एउटा साइकलमा दुई वा दुईभन्दा बढी व्यक्तिहरू चढेमा, यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥३,०००

चाइल्ड सीट प्रयोग गरेमा, प्राथमिक विद्यालय अघि (६ वर्षसम्मका) बच्चासँग सँगै बस्न सकिन्छ।

साइकल चलाउन सक्ने व्यक्ति १६ वर्ष वा माथिका हुनुपर्छ।

सँगै बस्न सक्ने बच्चा संख्या २ जना सम्म मात्र हो।



१२. 
पैदलमार्गमा साइकल चलाउनु यातायात नियम उल्लङ्घन हुन्छ।
जरिवाना ¥६,०००

तलको १~३ को अवस्थामा पैदलमार्गमा साइकल चलाउन पाइन्छ।
१. जब पैदलमार्गमा साइकल चलाउन सकिने संकेत छ।
२. १२ वर्षमुनिका बच्चा, ७० वर्षमाथिका बुढा/बुढी वा शारीरिक अपाङ्गता भएका व्यक्तिहरू।
३. जब सडकमा धेरै सवारी साधनहरू हुन्छन् वा सडक साँघुरो छ।

संकेत


- यातायात उल्लङ्घन गर्नु भएको खण्डमा, प्रहरी अधिकारीले निलो चिट (यातायात उल्लङ्घन गरेको कागज) र जरिवाना भुक्तानी पर्चा (पैसा तिर्ने कागजात) दिनुहुनेछ।
- निर्धारित मितिसम्म, जरिवाना भुक्तानी पर्चा बैंक वा हुलाक कार्यालयमा लिई गएर, जरिवाना तिर्नुभयो भने प्रक्रिया समाप्त हुन्छ।
- निर्धारित मितिसम्म, जरिवाना तिर्नु भएन भने, अदालतमा मुद्दा चल्ने सम्भावना हुन्छ।



निलो टिकट
(निलो यातायात उल्लङ्घन टिकट)



जरिवाना भुक्तानी पर्चा

じてんしゃ　るーる　まも　あんぜん
自転車もルールを守って安全に！



ぎふけんけいさつ
岐阜県警察

ぎふけん けいさつ こうしき
岐阜県警察公式 Facebook
https://www.facebook.com/GifuPrefecturalPolice